# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८ ) काठमाडौं, वैशाख १७ गते २०५६ साल ( अतिरिक्ताङ्क ४ (ग+१)

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

आर्थिक ऐन, २०५५ को दफा १८ को उपदफा (१) को प्रयोजनको लागि श्री ५ को सरकारले देहायका मालवस्तुहरू बाहेकका व्यापारिक प्रयोजनका लागि नेपाल अधिराज्य भित्र पैठारी हुने मालवस्तुहरुमा २०५६ साल बैशाख १७ गतेदेखि स्थानीय विकास शुल्क लगाई असूल उपर गर्ने निर्णय गरेको छ ।

१. आ.व. २०५५।५६ को भंसार महसूल दरबन्दीमा माफि जनिएका मालवस्तुहरू,

२. कूटनैतिक सुविधा वा भंसार महसूल सुविधा अन्तर्गत पैठारी हुने मालवस्तुहरू,

३. अन्तर्राष्ट्रिय संघ संस्था तथा वैदेशिक सहायता अन्तर्गत संचालित आयोजना-हरूको लागि पैठारी हुने मालवस्तुहरू,

४. गुण्टा, झिटी भारी आदेश बमोजिम व्यक्तिगत प्रयोगका लागि भंसार महसूल माफीमा पैठारी गर्न सक्ने वस्तुहरू व्यापारिक प्रयोजन बाहेक व्यक्तिगत प्रयोगका एकसरो मालवस्तुहरू र सुन, चाँदी तथा सुन चाँदीका गहनाहरू ।

आज्ञाले,

रामविनोद भट्टराई

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

295

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

320